निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref: ७६/०२८/६५

विषय :- त्रैमासिक (श्रावण भाद्र र अशोज महिनासम्म) प्रगति विवरण सम्बन्धमा ।

२०७८ त्रैमासिक (श्रावण भाद्र र अशोज महिनासम्म) निर्वाचन आयोगबाट सम्पादित देहायका कार्यहरुको विवरण सबैको जानकारीको लागि सार्वजानिक गरिएको छ ।

**१. प्रशासन, योजना तथा वित्तीय व्यवस्थापन सम्बन्धी**

- वित्तीय सुधार तथा बेरुजु फन्छ्यौट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरूजु फन्छ्यौट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरुजु फन्छ्यौट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।
- दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।
- आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक भौतिक एवम् वित्तीय प्रगतिको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।
- नेपालको संविधानको धारा - ५३ बमोजिमको आयोगको आ.व. २०७७/०७८ को प्रगति प्रतिवेदन तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पत्राचार गरिएको ।
- आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समीक्षा तथा वार्षिक प्रतिवेदन तयारी सम्बन्धी कार्यहरू भईरहेको ।
- भुटान निर्वाचन आयोगको आयोजनामा भर्चुअल माध्यमबाट सम्पन्न भएको Forum of the Election Management Bodies of South Asia (FEMBoSA) को ११ औं सभामा आयोगका पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता भएको । साथै आगामी १२ औं सभाको आयोजक राष्ट्र नेपाल रहने निर्णय भएको ।
- निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन तथा निर्वाचनमा दुष्प्रचार सम्बन्धी अन्तरक्रिया कार्यक्रम मिति २०७८/०४/२८ गते लुम्बिनी प्रदेशको बुटवलमा सम्पन्न गरिएको ।
- UNDP/ESP III को प्रोजेक्ट डकुमेन्टको खाका तयार भइ सम्बन्धित पक्षहरूसँग छलफल तथा अन्तरक्रिया भइ रहेको ।
- नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरूवा, रमाना, पदस्थापन, सरूवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयका काम कारवाही गरिएको ।
- म.ले.प. बेरुजुतर्फ आ.व. ०७६-७७ सम्मको बाँकी बेरुजु रू.१५४३१४ हजार मध्ये २०७८ असोज मसान्तसम्ममा रू. २२०५५ हजार सम्परीक्षणको लागि अनुरोध भइ गएकोमा रू. २२०५५ हजार सम्परीक्षण भई १४.२९ प्रतिशत प्रगति भएको ।
- आयोगको आर्थिक वर्ष २०७७/०७८ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न गरिएको ।
- निर्वाचन सञ्चालन तथा व्यवस्थापन, निर्वाचन तथा समावेशीता लगायतका विषयमा प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयका लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्ति तथा राजनीतिक दल एवम् अन्य


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

सरोकारवाला वर्गका लागि अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम गण्डकी प्रदेशको पोखरामा सम्पन्न गरिएको ।

**२. निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी**

- सबै निर्वाचन कार्यालयहरूका अतिरिक्त ७७ वटै जिल्ला प्रशासन कार्यालय र विभिन्न जिल्लाको ४० वटा इलाका प्रशासन कार्यालयबाट मिति २०७८/०५/०१ गतेदेखि मतदाता नामावली सङ्कलनका लागि आवश्यक व्यवस्था मिलाउन निर्वाचन कार्यालयहरूलाई निर्देशन गरिएको ।
- निर्वाचन सञ्चालन एवम् व्यवस्थापनमा सहकार्य र समन्वय सम्बन्धमा निर्वाचन आयोगमा जिल्ला समन्वय समिति महासंघ, नेपाल नगरपालिका संघ र गाउँपालिका राष्ट्रिय महासंघका पदाधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको ।
- निर्वाचन सञ्चालन एवम् व्यवस्थापनमा सहकार्य र समन्वय सम्बन्धमा स्थानीय तहका प्रमुख तथा प्रदेश र स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको ।
- निर्वाचनका सरोकारवालाहरूका लागि अपाङ्गता र निर्वाचन विषयक ब्रीज कार्यशाला कार्यक्रम मिति २०७८ श्रावण २९ र ३० गते रुपन्देहीको बुटवलमा सम्पन्न भएको ।
- आयोगको इन्टरनेट तथा सूचना प्रविधि सम्बन्धी प्रणाली तथा उपकरणहरूको नियमित मर्मत सम्भार तथा सञ्चालन सम्बन्धी कार्य गरिएको ।
- प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयहरूमा DCA, DVLA, IEIMS हरूमा देखिएका समस्याहरू समाधान गर्न प्राविधिक सहयोग प्रदान गरिएको ।
- सूचना अधिकारी मार्फत दिईने सूचना निरन्तररूपमा प्रदान गरिएको ।
- पुस्तकालयबाट नियमित रूपले सेवा प्रवाह भईरहेको ।
- प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय र इलाका प्रशासन कार्यालयहरूबाट ४३०९७ जना महिला र ५७४०२ जना पुरुष गरी जम्मा १००४९९ जना मतदाताहरुको नाम मतदाता नामावलीमा दर्ता भएको र २१३६ जना मतदाताबाट विवरण अद्यावधिकको लागि निवेदन प्राप्त भएको ।
- मतदाता नामावली सङ्कलन तथा अद्यावधिक सम्बन्धमा, मतदाता नामावलीमा नाम दर्ता गर्न चाहने नागरिकले पेश गर्नु पर्ने प्रमाण कागजात सम्बन्धमा र सङ्कलन कार्य तथा डाटा व्यवस्थापन सम्बन्धमा प्रदेश निर्वाचन कार्यालय, ७ जिल्ला र जिल्ला निर्वाचन कार्यालय ७० जिल्लाहरुलाई निर्देशन गरिएको
- प्रदेश तथा स्थानीय तहका निर्वाचन सम्पर्क व्यक्तिहरुका लागि सहजीकरण श्रोत पुस्तिकाको मस्यौदा तयार गरिएको ।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

३. **कानून तथा राजनीतिक दल व्यवस्थापन सम्बन्धी**

- निर्वाचन आयोगको सचिवस्तरको मिति २०७८/४/२४ को निर्णयानुसार राजनीतिक दलको अभिलेख व्यवस्थापनका लागि TOR स्वीकृत भएको।
- नेपाल कम्युनिष्ट पार्टी परिवर्तन नामक नयाँ राजनीतिक दल मिति २०७८/४/१८ मा नेपाल राजपत्रमा प्रकाशन भएको।
- राजनीतिक दल सम्बन्धी (पहिलो संशोधन) नियमावली, २०७७ मिति २०७८/४/२५ मा नेपाल राजपत्रमा प्रकाशन भएको।
- रिट निवेदक छायादेवी देवकोटा समेत, रीना कुमारी शाह समेत, शेष फारूक, सुरेश कुमार थापा समेत र गिता देवी शाह समेत विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-१२२२, ०७७-Wo-१२१४, ०७७-Wo-१२२३, ०७७-Wo-१२१५ र ०७७-Wo-१२२६ उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/४/३ मा दर्ता गरिएको।
- रिट निवेदक रूक्सना कपाली र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-०९७३ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/४/५ मा दर्ता गरिएको।
- रिट निवेदक रूक्सना कपाली र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-Wo-१२४४ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/४/११ मा दर्ता गरिएको।
- रिट निवेदक राजकुमार थापा र विपक्षी यस आयोग भएको २०७७ सालको रिट नं. ०७७-Wo-१२६० को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति २०७८/४/११ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।
- रिट निवेदक महन्थ ठाकुर विपक्षी यस आयोग भएको २०७७ सालको रिट नं. ०७८-Wo-००४२ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति २०७८/४/२५ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।
- आयोगको मिति २०७८/४/१ को निर्णय अनुसार नेपालका लागि नेपाली नामक राजनीतिक दलको निवेदन माग बमोजिम अद्यावधिक गरी सोको जानकारी पार्टीलाई गराइएको।
- आयोगको मिति २०७८/४/४ को निर्णयानुसार "नेपाल कम्युनिष्ट पार्टी परिवर्तन" नामक राजनीतिक दल दर्ता गरिएको।
- जनता समाजवादी पार्टी, नेपालको विवादको निरूपणका लागि मिति २०७८/४/७ मा इजलास वसी सनाखतको लागि मिति २०७८/४/११ मा आयोग समक्ष उपस्थित गराउने भन्ने समेत व्यहोराको आदेश भएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

- जनता समाजवादी पार्टी, नेपालको विवाद सम्बन्धी मुद्दामा आयोगबाट मिति २०७८/१/११ मा फैसला भई दुवै पक्षलाई फैसलाको प्रतिलिपि उपलब्ध गराईएको।
- नेपाल कम्युनिष्ट पार्टी (एमाले) बाट आयोगमा बुझाएको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्दसूचीमा रहनुभएका पुष्पराज कँडेल, सीता गिरी ओली, शारदादेवी भट्ट, दिलकुमारी पन्त, ममता कुमारी चौधरी चन्द्रकला सिंह र रूवी खाँ पठाँनको नाम आयोगको मिति २०७८/४/१३ को निर्णयबाट वन्दसूचीबाट हटाइएको।
- आयोगको मिति २०७८/४/१५ को निर्णयानुसार मौलिक जरोकिलो पार्टी नामक राजनीतिक दललाई किवोर्ड सहितको कम्प्युटर चुनाव चिन्ह प्रदान गरिएको।
- आयोगको मिति २०७८/४/१५ को निर्णयानुसार किरात खम्वुवान साझा पार्टी नामक राजनीतिक दललाई नेपाली ढाका टोपी चुनाव चिन्ह प्रदान गरिएको।
- आयोगको मिति २०७८/४/१९ को निर्णय अनुसार ४१ वटा राजनीतिक दल खारेज गरिएको।
- आयोगको मिति २०७८/४/२५ को निर्णय अनुसार जनता समाजवादी पार्टी, नेपालको निवेदन माग बमोजिम अद्यावधिक गरी सोको जानकारी पार्टीलाई गराइएको।
- हाल कायम रहेका राजनीतिक दलहरूको नाम सहितको विवरण आयोगको वेभसाईटमा राख्ने भनी आयोगबाट मिति २०७८/४/२६ मा सचिवस्तरीय निर्णय भएकोले सो विषय आयोगको वेभसाईटमा राखिएको।
- लुम्विनी प्रदेश सभा सदस्य पदमा जनता समाजवादी पार्टी नेपालको तर्फबाट निर्वाचित कल्पना पाण्डेको रिक्त स्थानमा उम्मेदवार सिफारिस गरी पठाइदिन भनी आयोगको मिति २०७८/४/२८ को निर्णयानुसार पत्राचार गरिएको।
- आयोगको मिति २०७८/४/२९ को निर्णय अनुसार राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालको निवेदन माग बमोजिम अद्यावधिक गरी सोको जानकारी पार्टीलाई गराइएको ।
- आयोगको मिति २०७८/५/३ को निर्णयानुसार राजनीतिक दल सम्बन्धी नियमावली (दोस्रो संशोधन) स्वीकृत भएको।
- रिट निवेदक दधिराम न्यौपाने समेत विपक्षी यस आयोग समेत भएको रिट नं. ०७८- Wo-०००३ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/५/४ मा दर्ता गरिएको।
- रिट निवेदक महन्थ ठाकुर र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७८-Wo-००७९ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/५/४ मा दर्ता गरिएको।
- रिट निवेदक सतमीलाल दास ताती समेत र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७८-Wo-००५९को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/५/४ मा दर्ता गरिएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

- रिट निवेदक कल्पना पाण्डे समेत र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७८-Wo-००८५ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/५/११ मा दर्ता गरिएको।
- रिट निवेदक टोप वहादुर रायमाझी, लेखराज भट्ट, प्रभु शाह र गौरी शंकर चौधरी विपक्षी यस आयोग समेत भएको क्रमशः रिट नं. ०७८-Wo-००६५, ०७८-Wo-००६४ ०७८-Wo-००६७ र ०७८-Wo-००६६ उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/५/२७ मा दर्ता गरिएको।
- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नामक छुट्टै राजनीतिक दल आयोगको मिति २०७८/५/९ को निर्णयानुसार दर्ता भएको र सो सम्बन्धमा संघीय संसद सचिवालय, सात वटै प्रदेश सभा सचिवालय र प्रदेश प्रमुखको कार्यालयमा पत्राचार गरिएको।
- आयोगको मिति २०७८/५/१८ को निर्णयानुसार बहुजन एकता पार्टी, नेपाल नामक राजनीतिक दल दर्ता भई सोको जानकारी सम्बन्धित दललाई, सवै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई दिएको।
- आयोगको मिति २०७८/५/२३ को निर्णयानुसार समाजवादी केन्द्र नेपाल नामक छुट्टै राजनीतिक दल दर्ता भई सोको जानकारी सम्बन्धित दललाई, सवै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयलाई दिएको।
- आयोगको मिति २०७८/५/२८ को निर्णयानुसार नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) नामक नयाँ राजनीतिक दल दर्ता भई सोको जानकारी सातै प्रदेश तथा सवै जिल्ला निर्वाचन कार्यालय र नेपाल कम्युनिष्ट पार्टी (समाजवादी) लाई दिएको।
- आयोगको मिति २०७८/५/२२ को निर्णय अनुसार जनताको जनवादी पार्टी नेपाल नामक राजनीतिक दलले माग गरेको चुनाव चिन्ह प्रदान गरी सोको जानकारी सम्बन्धित दललाई दिएको।
- निर्वाचन आयोगमा कायम रहेका राजनीतिक दलहरुको निर्वाचन चिन्ह पुनरावलोकन गरी एक भन्दा वढी दलको समान चुनाव चिन्ह भएमा परिवर्तन गर्न लगाउने भनी आयोगबाट मिति २०७८/५/१ मा निर्णय भएको हुँदा सोही निर्णयानुसार सम्बन्धित दललाई पत्राचार गरिएको।
- प्रस्तावित "नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादी" र "प्रस्तावित लोकतान्त्रिक समाजवादी पार्टी नेपाल" नामक प्रस्तावित छुट्टै नयाँ दल दर्ता गर्ने प्रयोजनको लागि केन्द्रीय सदस्य र संसदमा प्रतिनिधित्व गर्ने सदस्यलाई सनाखतको लागि निर्वाचन आयोगमा उपस्थित गराउने भनी आयोगबाट मिति २०७८/५/४ मा भएको निर्णय बमोजिम पत्राचार गरिएको।
- आयोगको मिति २०७८/५/१० को निर्णयानुसार जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलको लुम्बिनी प्रदेश सभा समानपातिक निर्वाचन प्रणालीतर्फ रिक्त रहेको प्रदेश सभा सदस्य पदमा निर्मला मुडभरी भट्टराईलाई निर्वाचित गरी सो सम्बन्धमा लुम्बिनी प्रदेश सभा सचिवालयको प्रदेश प्रमुखलाई जानकारी गराइएको।
- नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नाम राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) र जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्य र स्थानीय तहका सदस्यले मिति


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३। फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np

२०७८/५/२ देखि २०७८/५/२२ सम्म स्वयम् उपस्थित भई सनाखत गर्ने भनी आयोगबाट मिति २०७८/५/१० मा भएको निर्णय बमोजिम सातै प्रदेश र सबै स्थानीय तहलाई पत्राचार गरिएको।

- आयोगको मिति २०७८/५/१३ को निर्णय अनुसार जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट छुट्टिई बनेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने जनता समाजवादी पार्टी, नेपाल नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्यले मिति २०७८/५/०२ देखी २०७८/५/२२ सम्म सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई सनाखत गरेको विवरण प्राप्त भएको र सो सम्बन्धमा आयोगबाट मिति २०७८/५/२५ मा निर्णय भएको।
- आयोगको मिति २०७८/५/१३ को निर्णय अनुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट छुट्टिई बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामक राजनीतिक दलमा प्रवेश गर्न चाहने नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) नामक राजनीतिक दलबाट निर्वाचित प्रदेश सभा सदस्यले मिति २०७८/५/०२ देखी २०७८/५/२२ सम्म सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा उपस्थित भई सनाखत गरेको विवरण प्राप्त भएको र सो सम्बन्धमा आयोगबाट मिति २०७८/५/२५ मा निर्णय भएको।

०७८।०६।१२


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np